# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

मूल्य वृद्धिसँग सम्बन्धित बालबच्चा पालन समर्थन भत्ता सम्बन्धमा

物価高対応子育て応援手当について

**दीर्घकालीन मूल्य वृद्धिको प्रभाव सामना गर्नका लागि, बालबच्चा पाल्ने परिवारलाई उच्च माध्यमिक तहसम्मका हरेक बच्चा प्रति** 20,000 **येन मार्च महिनाको सुरुबाट क्रमशः प्रदान गरिनेछ। सिद्धान्ततः आवेदन आवश्यक छैन। तर, सिटीबाट बाल भत्ता नपाउने व्यक्ति वा सरकारी कर्मचारी जस्ता व्यक्तिहरूको लागि आवेदन आवश्यक छ।**

**■लक्षित व्यक्ति**

**तलको (1) देखि (3) मध्ये कुनै एकमा पर्नुभएका व्यक्ति**

（1）**2025 सेप्टेम्बर महिनाको बाल भत्ता (2025 सेप्टेम्बरमा जन्मेका बच्चाहरूको लागि अक्टोबर महिनाको भत्ता) सुइता** सिटी **बाट प्राप्त गरिरहेका व्यक्ति**

（2） **2025 अक्टोबर 1 देखि 2026 मार्च31 सम्म जन्मेका बच्चाहरूका बुबा आमा वा अभिभावकहरू**

（3）**(1) का जीवनसाथीहरू मध्ये, 2025 अक्टोबर 1 देखि 2026 मार्च 31सम्मको अवधिमा सम्बन्धविच्छेद पछि नयाँ बाल भत्ता प्राप्तकर्ता बनेका व्यक्ति**

**■भुक्तानी रकम**

**लक्षित हरेक बच्चा प्रति** 20,000 **येन**

**■भुक्तानी समय**

**लक्षित व्यक्ति（1）मा पर्नुभएका व्यक्ति**

**2026 जनवरी महिनाको अन्त्यतिर जानकारी पठाउने योजना गरिएको छ। भुक्तानी मार्चको** 3 **मा**

**गर्ने योजना गरिएको छ।**

लक्षित व्यक्ति (2) र (3) मा पर्नुभएका व्यक्ति

**2026 फेब्रुअरी महिनाको अन्त्यतिरबाट जानकारी पठाइनेछ।**

**■आवेदन आवश्यक व्यक्ति**

काम गर्ने स्थानबाट बाल भत्ता प्राप्त गर्ने सरकारी कर्मचारीहरू

आवेदन गर्ने तरिका बारे, विस्तृत जानकारी निर्धारण भएपछि जानकारी दिइनेछ।

■वेबसाइट

https://www.city.suita.osaka.jp/kosodate/1018219/1041235.html

**■सोधपुछ**

सुइता सिटी मूल्य वृद्धिसँग सम्बन्धित बाल पालन समर्थन भत्ता कल सेन्टर (फेब्रुअरी 2 बाट सञ्चालन)

फोन : 0120-957-872 (सोमबारदेखि शुक्रबार बिहान 9 बजेदेखि बेलुकाको 5:30 बजेसम्म)

**बाल तथा परिवार विभाग कल सेन्टर**

फोन : 0120-252-071 (सोमबारदेखि शुक्रबार बिहान 9 बजेदेखि बेलुकाको 6 बजेसम्म)

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।